# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१०/२४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

मालपोत कार्यालय, धनुषामा कार्यरत नायब सुब्बा राधेश्याम ठाकुरले आफ्नो अहोदाले गर्नुपर्ने राजश्व रकम बुझ्ने र रसिद काट्नु पर्ने समेतका कार्य गर्नका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटिई गएको टोलीले निज राधेश्याम ठाकुरलाई रु.५,०००/-(पाँच हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज राधेश्याम ठाकुरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निज राष्ट्रसेवक राधेश्याम ठाकुरलाई रु.५,०००/-(पाँच हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता